नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
झापा

मिति २०७८।१०।०३ को DCMC बैठकको निर्णयहरू:

१. विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को नयाँ भेरिएण्ट ओमिक्रोनसहितको संक्रमणको रोकथाम, नियन्त्रण, निदान र उपचारका सन्दर्भमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।०९।३० गतेको बैठकले गरेका निर्णयहरू बिस्तृत रुपमा जानकारी हुनुका साथै उक्त निर्णय कार्यान्वयनका लागि सम्बद्ध सबै निकायमा पत्राचार गर्ने।

२. अत्यावश्यक काम वाहेक दैनिक उपभोग्य सामग्री किनमेल गर्नका लागि अन्तर्राष्ट्रिय सीमा नाकाबाटहुने आवतजावतलाई नाकामा रहेका सुरक्षा निकायबाट रोक लगाउने।

३. नाकाबाट प्रवेश गर्ने विदेशी नागरिक (भारतीय समेत) को ७२ घण्टाभित्रको पिसिआर रिपोर्ट नेगटिभ भएको यकिन गरी (आधिकारीक कागजात हेरी) ज्वरो जाँच गरेपश्चात् अभिलेखमा जनाएर मात्र प्रवेश अनुमति दिने।

४. अन्तर्राष्ट्रिय सीमा नाकाबाटनेपाल प्रवेश गर्ने प्रत्येक व्यक्तिको नाकामै ज्वरो परिक्षण गर्ने, परिक्षण गर्दा ज्वरो देखिएमा त्यस्ता व्यक्तिको एण्टिजेन टेष्ट गर्ने। एण्टिजेन टेष्ट गर्दा पोजिटिभ हुने व्यक्तिहरूलाई सुरक्षितपूर्वक घर पठाउने व्यवस्था मिलाउने।सम्बन्धित स्थानीय तह, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा रनेपाल रेडक्रस सोसाईटीले आपसमा समन्वय गरीनाकामै एण्टिजेन टेष्टको व्यवस्था गर्ने र यसका लागि स्वास्थ्य कार्यालयले सहजीकरण गर्ने।

५. अन्तरराष्ट्रिय सीमा नाकाहरु,जिल्लाका शहरी क्षेत्र,धेरै मानिसहरु भेला जम्मा हुने र आवतजावत गर्ने लगायतका स्थानमा नेपाल प्रहरीको अगुवाईमा स्थानीयतहतथा सामुदायिक संघ संस्थासँगको समन्वयमा "तपाईको मास्कखै"लगायतका जनचेतनामूलक अभियानसञ्चालनगर्ने।

६. होटल तथा रेष्टुरेण्टहरू राती नौ बजेसम्म मात्र सञ्चालन गर्ने।

प्रमुख जिल्ला अधिकारी

७. स्वास्थ्य कार्यालयको संयोजनमा जिल्लाका स्थानीय तहका स्वास्थ्य संयोजक लगायत आवश्यकतानुसार अन्य पदाधिकारीसँग समेत भर्चुअल बैठक आयोजना गरी परिक्षणको दायरा बढाउन तथा खोपको कभरेज बढाउन समन्वय र सहजीकरण गर्ने।

८. कोभिडको रिपोर्टिङ्गको सिलसिलामा पत्रकारहरु थप खट्नुपर्ने भएको हुँदा जिल्लास्थित क्रियाशील पत्रकारहरुलाई समेत कोरोना बिरुद्धको बुष्टर डोज लगाउने व्यवस्था गर्ने।

९. स्वास्थ्य कार्यालयले कोभिड १९ को संक्रमणको वर्तमान अवस्थाको विश्लेषण गरी जिल्लामा आवश्यक पर्ने औषधी, परिक्षण गर्ने किट, भि.टि.एम. लगायत अन्य सामग्रीहरूको मौज्दात व्यवस्थापन गर्ने।

१०. जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्थाहरुबाट कोभिड–१९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि भए गरेका कार्यहरु जिल्ला कोभिड व्यवस्थापन समितिमा जानकारी गराउने।

११. मुलुकभर आक्रामक रुपमा बढ्दै गईरहेको कोभिड – १९ को संक्रमण रोकथाम र नियन्त्रणका लागि जिल्लास्थित क्रियाशील सम्पूर्ण राजनीतिक दलहरुले आ–आफ्नो तर्फबाट विज्ञप्ति जारी गर्ने, समुदायस्तरमा सचेतना जगाउने र स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्ने/गराउने कार्यमाआ–आफ्ना सबै संयन्त्रहरु परिचालन गरी सहयोग र समन्वय गर्न आह्वान गर्ने।

२०७८-१०-३

प्रमुख जिल्ला अधिकारी